बैठक संख्या :- ९९
मिति :- ०७८।०४।११ गते सोमवार
समय :- मध्यान्ह २ : ०० बजे

कमलामाई नगरपालिका नगर प्रमुख श्री खड्ग वहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको वैठक बस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष -१ |
| श्री नवराज थिङ | वडाअध्यक्ष -२ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष -३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष -४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष -५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष -६ |
| श्री कर्ण वहादुर घिसिङ | वडाअध्यक्ष -७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष -८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष -९ |
| श्री रामहरी दुङ्गेल | वडाअध्यक्ष -१० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष -११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष -१२ |
| श्री किरण माझी | वडाअध्यक्ष -१३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष -१४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी वस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्श्री |
| श्री विशकसेन ढकाल | सचिव (प्र.प्र.अ) |

**निर्णय नं. १:-** तपसिलमा उल्लेखित व्यक्तिहरुलाई आर्थिक सहायता वापत चालु खातावाट उपलब्ध गराउने निर्णय गरियो ।

| सि.न. | नाम,ठेगाना | रकम |
|---|---|---|
| १. | पुर्ण बहादुर स्याङतान वडा नं. १ | २५०००।- |
| २ | चन्द्रमाया विश्वकर्मा वडा नं. ७ | २५०००।- |

**निर्णय नं. २ :-** सिन्धुलीगढि युद्ध संग्रहालयमा तपसिलमा उल्लेखित अनुसार प्रवेश शुल्क कायम गर्ने गरि आगामी नगर सभावाट अनुमोदन हुने गरि निर्णय गरियो ।

| निशुल्क | प्रतिदिन | विदेशी | स्वदेशी | अन्य |
|---|---|---|---|---|
| • कमलामाई नगरपालिकका पदाधिकारीहरु<br>• ७० वर्ष माथिका जेष्ठ नागरिक<br>• बहालवाला नेपाली सेवा<br>• कमालमाई नगरकार्यपालिका मातहतका कर्मचारीहरु<br>• संग्रहालयलाई पुरातात्विक एंव ऐतिहासिक वस्तु उपलब्ध गराउने व्यक्तिहरु<br>• प्रत्येक वर्ष कातिक २४ गते मनाउने गढि विजय उत्सव निशुल्क | चलचित्र लगायत अन्य व्यवासायिक रुपमा मानेरञ्जन दिने हेतुले निर्माण हुने चलचित्र छायांकन गर्नेहरु रु.५०००।- | विदेशी अवालेकन कर्ताहरु प्रति व्यक्ति रु.२००।- | स्वदेशी अवलोकन कर्ताहरु प्रति व्यक्ति रु.५०।- | • विद्यार्थिहरु<br>• अनुसन्धान दाताहरु<br>• निलो रातो अपाङ्गता परिचयपत्र धारकहरु<br>• भुपु नेपाली सेनाहरु लगायत प्रति व्यक्ति रु.२५।- |

**निर्णय नं. ३ :-** आर्थिक वर्ष ०७८।०७९ को कमलामाई नगरपालिका क्षेत्र भित्रको लागि कमलामाई कामदार तथा सामाग्री को नगर दररेट स्वीकृत जिल्ला दररेट समेतलाई आधारमानी नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** घ' वर्गको ईजाजत प्रमाण-पत्र प्राप्त को लागि दिएको निवेदन निम्न अनुसार 'घ' वर्गको ईजाजत -प्रमाण पत्र दिने र इजाजत पत्र सार्थ निर्माण व्यवसायि गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका सम्वन्धीत व्यवसयीले ईजाजतका लागि कार्यालया निवेदन दिदा पेश गरेका सक्कल भ्याट विल वमोजिमका मेशनरी औजारहरुको निर्माण व्यवसायी सम्वन्धी जाँच वुझ समितिका सदस्यहरु मार्फत अनुगमन गर्ने गरि ईजाजत प्रमाण -पत्र दिने निर्णय गरियो ।

| सि.न | फर्मको नाम | ठेगाना | प्रो. पाईटरको नाम |
|---|---|---|---|
| १ | ए.वि.एण्ड एस.एस.कन्स्ट्रक्सन प्रा.ली | क.न.पा.०८ | श्री विशाल कुमार श्रेष्ठ |
| २ | तारा ग्रुप अफ कम्पनी प्रा.ली कम्पनी | क.न.पा.०२ | श्री तारा लामा |
| ३ | जेनेशा निर्माण सेवा प्रा.ली | क.न.पा.०७ | श्री धर्म कुमारी मानन्धर |

**निर्णय नं. ५** :- आर्थिक वर्ष २०७८/०७९ को लागि विज्ञापन कर वापत न्युनतम अंक रु.६,००,०००।- (छ लाख) कायम गरी ठेक्का प्रक्रिया कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** :- वडा नं.०६ को बसपार्क क्षेत्रमा पार्किङ्ग गरिएका सवारी साधनमा सवारी पार्किङ्ग शुल्कको न्युनतम अंक रु.२२,१२,०००।- (वाईस लाख वारह हजार) कायम गरि प्रथम पटक मिति २०७८/०२/१७ गते ३० दिनको र मिति २०७८/०३/१८ गते १५ दिनको दुई पटक सम्म ठेक्का आव्हान गर्दा पनि ठेक्का नलागेको हुँदा ठेक्का नलाग्दा सम्मको अवस्थामा नगर प्रहरीलाई परिचालन गरी सवारी पार्किङ्ग शुल्क संकलन गर्ने, संकलित रकमको १०% ले हुने रकम नगर प्रहरीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** :- वडा नं.०६ को शनिवार लाग्ने हाटमा गैरीबजारका केही व्यापारीहरलाई सटर भाडामा उपलब्ध गराईएकोमा मिति २०७८ साल आषाढबाट निजहरुको सम्झौता अवधि समाप्त भएको हुँदा उक्त व्यापारीहरुलाई २०७८ साल श्रावण भित्र तिर्न वाँकी सबै भाडा चुक्ता गरेमा आ.व. २०७८/०७९ को लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** :- आ.व.२०७८/०७९ को लागि कमलामाई नगरपालिका क्षेत्र भित्रका नदी खोलाहरुमा प्रदेश सरकारले निर्धारण गरेको दररेट अनुसार नगरपालिकाको प्रारम्भीक प्रतिवेदन बमोजिमको परिमाण मध्ये सुनकोशी मरिण ड्राभसर्नलाई सो कार्यालयबाट अनुरोध भई आएको **१०००० घन मिटर** परिमाण घटाई वाँकी परिमाणलाई प्रारम्भीक प्रतिवेदन अनुसारको प्याकेजमा ठेक्का आव्हान गर्न प्रक्रिया अगाडि बढाउने निणर्य गरियो ।

**निर्णय नं. ९** :- कमलामाई नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि ,२०७८ र सुत्केरी महिलालाई घ्यु वितरण कार्यविधि ,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।**निर्णय नं. १०** :- अविरल वर्षादको कारणले नगरपालिका क्षेत्र भित्र क्षति भएको हुँदा विपद तथा प्रकोप व्यवस्थापन कोषबाट रु.१५,००,०००।- (प्रन्ध लाख) सम्मको तारजाली र रु.५,००,०००।-(पाँच लाख) सम्मको पाईप खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** :- कमलामाई नगरपालिका वडा नं.-११ स्थित जनजागरण प्राथमिक विद्यालय छतिवन र वडा नं.- ६ स्थित शिद्धवावा भावी पानिटयाङ्की विद्यालयलाई पहिरो नियन्त्रणको लागि विपद तथा प्रकोप व्यवस्थापन कोषबाट रु.२,००,०००।- (दुई लाख) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२** :- कार्यपालिकावाट निर्णय गरी खर्च गर्नु पर्ने विभिन्न कार्यक्रम तथा योजनाहरुको हकमा सम्वन्धित वडाको सिफारिसमा आवश्यक्ता अनुसार रु. तिन लाख सम्मको योजना तथा कार्यक्रम र आर्थिक सहायता वापत रु.५०००।- , प्रकोप वाट क्षति भएकालाई रु.७,०००।- सम्म र गम्भिर प्रकृतीको रोग (मृगौला,मुट र क्यान्सर) लाई रु.१००००।- सम्म नगर प्रमुखको स्वीकृतमा कार्यान्वयन गर्ने निर्णय गरियो । साथै तत्काल उद्धार र राहत दिनु पर्ने भएमा रु.३००००।- सम्म कार्यपालिकावाट अनुमोदन हुने गरि नगर प्रमुखको तोक आदेशवाट दिने निर्णय गरियो ।

**निर्णय नं. १३** :- आर्थिक वर्ष ०७८।०७९ मा नगर सभावाट स्वीकृत कार्यपालिकावाट प्राथमिकता तोकिएका योजना/कार्यक्रम शिर्षक वाट रु. सतासी लाख सम्म नवढाई प्रत्येक वडावाट ,२०७८ श्रावण मसान्त सम्म योजना तथा कार्यक्रमहरु पेश गर्ने निर्णय गरियो ।